# जीतपुरसिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको
# तिसौं बैठक

आज मिति २०७५।०९।२३ गते सोमवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको तिसौं बैठक नगरप्रमुख डा.कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित विषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिवराज सेढाई – स.सचिव

**अन्य उपस्थिती**

श्री पवन कुमार अधिकारी, लेखा अधिकृत
श्री शंकर ठाकुर, तथ्यांक अधिकृत
श्री टिना सुवेदी, आलेप अधिकृत

श्री वीरेन्द्र वाईबा,ना.सु.

<u>कार्यपालिकाको तीसौं बैठकका प्रस्तावहरु:</u>

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति

२. योजना कार्यान्वयन समिक्षा

३. निर्वाचन क्षेत्र विकास कार्यक्रम

४. नगरस्तरीय विषयगत समितिहरु

५. विविध:

१) नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र नि. प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईंबाट उपमहानगरपालिकाको समग्र गतिविधि, प्रशासनिक काम कारवाही तथा योजना सञ्चालन सम्बन्धी विवरण प्रस्तुत भयो ।

२) योजना प्रगतिको अवस्था सन्तोषजनक नभएकोमा समिक्षा गर्दै कार्यान्वयनलाई तीव्रता दिने निर्णय गरियो । नगरस्तरीय योजनाहरुको कामलाई प्रभावकारी रुपमा अघि बढाउने निर्णय गरियो । सोका लागि पूर्वाधार विकास समितिलाई परिचालन गर्ने निर्णय गरियो ।

३) प्रतिनिधिसभा निर्वाचन क्षेत्र न. ३ र ४ को संसदीय विकास कोषमार्फत जीतपुरसिमरा उपमहानगरपालिकाभित्रका योजनाहरुलाई संसदीय विकास कोषको कार्यविधि अनुसार काम अघि बढाउने निर्णय गरियो ।

४) नगरस्तरीय विषयगत समितिहरुमध्ये तपसिल अनुसार नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो:

| | | |
|---|---|---|
| नगर कार्यपालिका प्रमुख | श्री कृष्ण प्र. पौडेल | अध्यक्ष |
| नगर कार्यपालिका उपप्रमुख | श्री सरस्वती चौधरी | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | श्री शिवराज सेढाई | सदस्य |
| सामाजिक विकास संयोजक | श्री सुमित्रा कार्की | सदस्य |
| शिक्षा हेर्ने प्रमुख कर्मचारी | श्री तिलक खडका | सदस्य सचिव |

बांकी सदस्यहरुको मनोनयन आगामी बैठकमा गर्ने निर्णय गरियो ।

५) क. कार्यालयका लागि आवश्यक सुरक्षा गार्ड सेवा आपूर्ति गरिरहेको साहिल सेक्युरिटीज् प्रा.लि.ले पुस मसान्तपछि सेवा दिन असमर्थता प्रस्तुत गरेकोले माघ १ गतेबाट अर्को सेवाप्रदायक संस्थासंग सेवा खरिद गर्न कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

ख. मीना बजारमा रहेको जीतपुरसिमरा उपमहानगरपालिकाको भवनका ८ शर्टरकवल हाल ६ लेन सडकमा परेकोले सोही भवनको भित्रपट्टी रहेको तत्कालका लागि निर्माणाधीन शर्टरमा उपयुक्त व्यवस्थापन गर्ने निर्णय गरियो । साथै सार्वजनिक शौचालयको हकमा घुम्ती शौचालय राखी व्यवस्थापन गर्ने निर्णय गरियो ।

ग. माघी पर्वको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो । थारु कल्याणकारी सभाले जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ५ बकुलियामा नगरस्तरीय माघी विशेष कार्यक्रम सहकार्यका लागि प्राप्त मेला जनजाती विशेष संस्कृति प्रवर्द्धन शिर्षकबाट स्वीकृत गर्दै रु. १,०१,०००।०० रकम उपलब्ध गराउने निर्णय गरियो ।

घ. सार्वजनिक तथा सरकारी जग्गामा दिनप्रतिदिन अतिक्रमण बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै मालपोत कार्यालय, नापी कार्यालय तथा प्रशासन तथा प्रहरीसंग समन्वय गरी संरक्षणलाई तीव्रता दिने निर्णय गरियो ।

ङ. सिमरामा सिसी टिभी क्यामरा मर्मतको सिसिटिभी नेपालबाट प्राप्त बिल रु.११५,२५७।४१ भुक्तानी दिने निर्णय गरियो।

च. जीतपुरसिमरा उपमहानगरपालिकाका सबै क्षेत्रहरुमा जांडरक्सी, जुवातास र विकृति विसंगतिविरुद्ध सचेतना अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

छ. विभिन्न वडाहरुबाट प्राप्त निर्णयको आधारमा तपसिल बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो:

| क्र.सं. | विगतमा पेश भएको योजना | रकम रु. | संसोधन भएको योजना | रकम रु. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ने.रा.मा.वि. पथलैयाको छत र गेट मर्मत तथा थानीमाई प्रा.वि. सिमराको पर्खाल तथा अधुरो शौचालय निर्माण | ४७५,००० | क) ने.रा.मा.वि. पथलैयाको गेट निर्माण तथा कक्षा कोठा पार्टेशन<br>ख)थानीमाई प्रा.वि. सिमराको पर्खाल तथा अधुरो शौचालय निर्माण | २३७,५००<br>२३७,५०० | १ | वडा स्तरिय |
| २ | वडाध्यक्ष लालबाबु चौधरीको घरदेखी मठ जाने बाटोको खोलामा कल्भर्ट निर्माण | ४००,००० | वडाध्यक्ष लालबाबु चौधरीको घरदेखी मठ जाने बाटोको खोलामा ह्युमपाईप राख्ने कार्य | ४००,००० | १२ | वडा स्तरिय |
| ३ | बैजनाथ महतोको घर छेउको मन्दिर निर्माण | २००,००० | बैजनाथ महतोको घर छेउको मन्दीर नजिकै धर्मशाला निर्माण | ५०,००० (२लाख थप गरीएको) | २३ | वडा स्तरिय |